# राष्ट्रपतिमा निर्वाचित पौडलको जीवनी

■ रासस

काठमाडौँ, - मुलुकको तेस्रो राष्ट्रपतिका लागि बिहीबार सम्पन्न मतदानबाट नेपाली काँग्रेसका वरिष्ठ नेता एवं पूर्वसभामुख रामचन्द्र पौडेल राष्ट्रपतिमा निर्वाचित हुनुभएको छ ।

पौडेलको जन्म आमा ऋषिमाया र बुवा दुर्गाप्रसाद पौडेलबाट विसं २००१ असोज २९ गते तनहुँको साविक मिर्लुङ बाहुनपोखरामा भएको हो । उहाँका श्रीमती सविता पौडेल र चार छोरी (शर्मिला, संज्ञा, अनुज्ञा, अवज्ञा), एक छोरा (चिन्तन) हुनुहुन्छ ।

मध्यमवर्गीय किसान परिवारमा जन्मनुभएका पौडेलको स्थायी बसोबास व्यास-८ बेलथुम्की तनहुँ हो भने हालको ठेगाना काठमाडौँ-१६ बोहोराटार बालाजु हो । उहाँले शास्त्री (संस्कृत साहित्य, २०२४), स्नातकोत्तर (नेपाली साहित्य २०२७) शिक्षा लिनुभएको छ ।

विसं २०१६ मा पोखरामा हिमालयन छात्र संघ स्थापना गर्नुभएका पौडेल पोखरा विन्ध्यवासिनी पाठशालामा अध्ययन गर्दैगर्दा विसं २०१७ जेठ-असारमा नेपाल संस्कृत छात्र सङ्घको काठमाडौँ अधिवेशनमा प्रतिनिधि हुनुभएको थियो । विसं २०१७ पुस १ गते जननिर्वाचित संसद् भंग गरी प्रधानमन्त्री बिपी कोइरालालगायत नेतालाई जेलमा राखिएको विरोध गर्दै उहाँ प्रजातान्त्रिक आन्दोलनमा सहभागी हुनुभएको हो ।

नन्दीरात्रि माविबाट एसएलसी परीक्षा उत्तीर्ण गर्नुभएका उहाँले नन्दीरात्रि मावि विद्यार्थी संघको संस्थापक अध्यक्ष, रानीपोखरी मावि विद्यार्थी संघको अध्यक्ष, जुद्धोदय हाइस्कुलमा विभिन्न २२ विद्यालयका विद्यार्थीको भेला गराई स्वतन्त्र विद्यार्थी युनियनको माग गर्दै त्यससम्बन्धी आन्दोलनको नेतृत्व गर्नुभएको थियो ।

उहाँ विसं २०१९ मा नेपाल संस्कृत विद्यार्थी संघको सचिवको हैसियतमा २०१९-२०२० सालमा उपत्यका आन्दोलनमा र २०२०-२०२१ सालमा राष्ट्रव्यापी स्वतन्त्र विद्यार्थी आन्दोलनमा उहाँ गिरफ्तार हुनुभएको थियो ।

काँग्रेस तनहुँको सदस्य ( २०३४) र जिल्ला उपसभापति ( २०३६)को जिम्मेवारी सम्हाल्नुभएका नेता पौडेल जनमत संग्रहको सिलसिलामा बहुदलीय व्यवस्थाको प्रचार-प्रसार गर्न गठित काँग्रेस तनहुँ समितिको संयोजक २०३७, काँग्रेस केन्द्रीय सदस्य तथा प्रचार विभाग प्रमुख २०४० र विसं २०४३ मा काँगेस केन्द्रीय सदस्य हुनुभएको थियो ।

काँगेस केन्द्रीय महामन्त्री ( २०६२-२०६४), काँगेस केन्द्रीय उपसभापति (२०६४-२०७२), काँग्रेस संसदीय दलको नेता ( २०६४-२०७०) हुनुभएका पौडेल २०७२ सालमा काँग्रेसको केन्द्रीय कार्यवाहक सभापति हुनुभएको थियो ।

भरतपुर कब्जा गर्ने काँग्रेसको सशस्त्र संघर्षमा संलग्न भएको आरोपमा विसं २०१८ मा काठमाडौँबाट गिरफ्तार भई पहिलोपटक करिब एक महिना हिरासत सजाय भोग्नुभएका पौडेल विद्यार्थी आन्दोलनका क्रममा गिरफ्तार हुनुका साथै त्यसपछिका विभिन्न राजनीतिक आन्दोलनका क्रममा राजनीतिक जीवनमा २०१८ देखि २०६२ सम्म १४ वर्षभन्दा बढी जेल जीवन व्यतित गर्नुभएको थियो ।

उहाँ २०४८ सालमा तनहुं क्षेत्र नं १ बाट प्रतिनिधिसभा सदस्य निर्वाचित हुनुभएको थियो भने त्यसपछि तनहुँ क्षेत्र नं २ बाट २०५१, २०५६, २०६४, २०७० मा लगातार प्रतिनिधिसभा निर्वाचन र संविधानसभा निर्वाचनमा निर्वाचित हुनुभएको थियो । गत मंसिर ४ गते भएको प्रतिनिधिसभा सदस्य निर्वाचनमा उहाँ तनहुं क्षेत्र नं १ बाट निर्वाचित हुनुभएको हो ।

निर्वाचनपछि पहिलोपटक २०४८ सालमा स्थानीय विकासमन्त्री, विसं २०४९ मा कृषिमन्त्री हुनुभएका उहाँ २०५१ पुस २ गते प्रतिनिधिसभाको सभामुख निर्वाचित हुनुभएको थियो । पौडेल २०५६ साल र त्यसपछि उपप्रधान तथा सूचना/सञ्चार मन्त्री, स्थानीय विकासमन्त्री, उपप्रधान तथा गृहमन्त्री हुनुका साथै शान्ति समितिको संयोजक (२०६१-२०६२), शान्ति तथा पुनःनिर्माणमन्त्री (२०६३-२०६४), काँग्रेस संसदीय दलको नेता तथा संसद्मा प्रमुख प्रतिपक्षी दलको नेता (२०६४-२०७०) को जिम्मेवारी सम्हाल्नुभएको थियो ।

पौडेलले मानवअधिकारसम्बन्धी विभिन्न पुरस्कार, महेन्द्रविक्रम शाह पुरस्कार (महेन्द्रविक्रम शाह नेपाल प्रजातन्त्र काँग्रेसका संस्थापक हुन्), जापान सरकारले प्रदान गरेको राजकीय सम्मान 'अर्डर अफ द राइजिङ सन'को सम्मान- सन् २०२०) लगायत सम्मान तथा पुरस्कार प्राप्त गरिसक्नुभएको छ ।

उहाँका नेपाली काँग्रेसको संक्षिप्त इतिहास, प्रजातान्त्रिक समाजवाद एक अध्ययन २०४७, नेपाली काँग्रेस र नेपालको आधुनिकीकरण, नेपाली काँग्रेस के भन्छ ?, आस्थाको यात्रा (राजनीतिक विश्लेषण) २०५५, नेपाली काँग्रेस अबको बाटो प्रजातान्त्रिक समाजवाद २०७५, कृषिक्रान्ति र समाजवाद, राजनीतिको राजमार्ग २०७९, नेपाली काँग्रेस रूपान्तरणको मार्गचित्र, नयाँ सन्दर्भमा समाजवाद, अभिशप्त इतिहास (माघ १९ को काण्डपछि)लगायत दर्जनौँ पुस्तक तथा विभिन्न विषयमा पत्रपत्रिका तथा अनलाइनमा समसामयिक लेख रचना प्रकाशित छन् । विसं २०२५ मा बिपी कोइराला सुन्दरीजल जेलबाट रिहा भएपछि तत्कालीन विद्यार्थी नेता रामचन्द्र पौडेललाई भेट्न सेन्ट्रल जेल जानु भई अविचलित नहुन आग्रह गर्दै प्रजातान्त्रिक आन्दोलनको नेतृत्व गर्न प्रेरणा दिनुभएको थियो । त्यहाँ बिपीसँग पौडेलको पहिलो भेट भएको थियो । त्यसबेला बिपीले पौडेलसँगै जेलमा रहनुभएका कम्युनिष्ट नेताहरू मनमोहन अधिकारी, शम्भुराम श्रेष्ठ र कमल कोइरालालाई पनि भेट्नुभएको थियो ।

राजनीतिक जीवनमा विसं २०१८ देखि २०६२ सम्म १४ वर्षभन्दा बढी जेल जीवन व्यतित गर्नुभएका उहाँ समाजवादी चिन्तक र प्रयोगकर्ता तथा स्वच्छ छवि, सादा जीवन, उच्च विचारका प्रयोगधर्मी हुनुका साथै स्पष्ट वक्ता र प्रजातान्त्रिक समाजवादका व्याख्याताको विशेष पहिचान बनाउनुभएको छ ।

काँग्रेसभित्र समन्वयकारी, मध्यमार्गी नेताका रूपमा परिचित उहाँले पार्टीका तत्कालीन सभापति बिपी कोइराला, पार्टीका सर्वमान्य नेता गणेशमान सिंह, पार्टीका संस्थापक कृष्णप्रसाद भट्टराई र पछि सभापति गिरिजाप्रसाद कोइराला र सिंह तथा भट्टराईबीचको विवाद तथा मनमुटाव मिलाउन सधैँ मध्यमार्गी र समन्वयकारी भूमिका निर्वाह गर्नुभएको थियो ।

यसैगरी सशस्त्र द्वन्द्वरत तत्कालीन माओवादीलाई मूलप्रवाहको राजनीतिमा ल्याउने ऐतिहासिक वार्ता र सहमतिका काममा अग्रणी भूमिका निर्वाह गर्नुभएका उहाँ विस्तृत शान्ति सम्झौताका मस्यौदाकार तथा सहमति र सहकार्यका पक्षपातीसमेत हुनुहुन्छ ।

पौडेलले नेपालका सबै जिल्ला तथा भारत, चीन, संयुक्त राज्य अमेरिका, जर्मनी, संयुक्त अधिराज्य, स्पेन, बेल्जियम, इटली, फ्रान्स, रोमानिया, नेदरल्याण्डस्, स्वीजरल्याण्ड, पोर्चुगल, टर्की, रसिया, इजिप्ट, इजरायल, माल्दिभ्स, दक्षिण कोरिया, जापान, थाइल्याण्ड, पाकिस्तान, बङ्गलादेश, श्रीलङ्कालगायत देशको भ्रमण गर्नुभएको छ ।

विकास निर्माणबाट भएका सबै संरचनाहरुको संरक्षण गरि राज्यप्रति जवाफदेही बनौं।

कमलामाई नगरपालिका, सिन्धुली

## पूर्वमन्त्रीसहितलाई कैद र जरिवाना

■ रासस

काठमाडौँ, -: विशेष अदालतले भृकुटीमण्डपको जग्गा भाडा प्रकरणमा पूर्वमन्त्री बद्रीप्रसाद न्यौपानेसहिद सात जनालाई कैद र जरिवाना हुने ठहर गरेको छ ।

विशेष अदालतका अध्यक्ष श्रीकान्त पौडेल र सदस्यहरू शालिग्राम कोइराला र बलभद्र बाँस्तोलाको इजलासले यही फागुन १६ गते भृकुटीमण्डपको जग्गामा भ्रष्टाचार भएको ठहर गरेको थियो । त्यस प्रकरणका दोषीलाई बिहिवार सजाय निर्धारण भएको हो । भृकुटीमण्डपको जग्गा भाडा प्रकरणमा समाज कल्याण परिषद्लाई रू २० करोडभन्दा बढी भ्रष्टाचार गरेको ठहर अदालतले गरेको छ । अदालतका उपरजिस्ट्रार नारदप्रसाद भट्टराईका अनुसार पूर्वमन्त्री न्यौपानेलाई नौ वर्ष कैद र रू दुई करोड ४३ लाख ६८ हजार आठ सय तीन जरिवाना, रू दुई करोड ४३ लाख ६८ हजार आठ सय तीन बिगो र थप छ महिना कैद सजाय निर्धारण भएको छ । पूर्वमन्त्री टेकबहादुर गुरुङलाई मतियार ठहर गर्दै रू एक करोड २१ लाख, ८४ हजार चार सय एक जरिवानाको सजाय निर्धारण भएको छ । सातै जनालाई रू दुई करोड ४३ लाख ६८ हजार आठ सय तीन जरिवाना, रू दुई करोड ४३ लाख ६८ हजार आठ सय तीन बिगो तोकिएको भए पनि फरक फरक कैद सजाय तोकिएको छ ।

घ्याङलेख गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हायुटार, सिन्धुली
वागमती प्रदेश, नेपाल

रोजगार संयोजक पद सेवा करारमा पदपूर्तिका लागि दरखास्त आव्हानको सूचना
(प्रथम पटक प्रकाशित मिति : २०७९/११/२६)

यस गाउँपालिकामा सञ्चालित प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत रिक्त रहेको रोजगार संयोजक पदका लागि खुला प्रतिस्पर्धाबाट करार सेवामा कर्मचारी नियुक्ति गर्नुपर्ने भएकोले देहाय बमोजिमका योग्यता पुगेका नेपाली नागरिकहरुबाट प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन कार्यालय समयभित्र तपसिलमा उल्लेखित आवश्यक कागजात सहित दरखास्त फारम पेश गर्नु हुन यो सूचना प्रकाशन गरिएको छ ।

तपसिल

(१) पद : रोजगार संयोजक (स्थानीय सेवा छैठौं तह सरह)
(२) माग पद संख्या : एक (१)
(३) आवश्यक न्यूनतम शैक्षिक योग्यता :
क) मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक वा सो सरह उतिर्ण ।
ख) दरखास्त दिने मितिमा २१ वर्ष पुराभई ४५ वर्ष ननाघेको ।
ग) भविष्यमा सरकारी सेवामा अयोग्य ठहरिने गरी कारवाहिमा नपरेको ।
घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको ।
(४) करार अवधि : २०८० साल असार मसान्तसम्म ।
(५) तलव : रोजगार संयोजकको पदपूर्ति र सेवा सुविधा सम्बन्धी मापदण्ड, २०७६ को दफा १८ बमोजिम हुनेछ ।
(६) आवश्यक कागजातहरु :
क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
ख) आवश्यक शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपिहरु
ग) पासपोर्ट साइजको फोटो ३ प्रति
घ) कार्य अनुभव र तालिम भए सोको प्रमाणपत्रको प्रतिलिपिहरु
(७) आवेदन दस्तुर : रु. १०००।- (एक हजार मात्र) कार्यालयको राजश्व शाखामा वा QR Code मार्फत भुक्तानी गरी भौचर संलग्न राख्नु पर्ने ।
(८) परिक्षाको किसिम : प्रारम्भिक योग्यताक्रमको सूचीमा परेका उमेदवारहरुले सेवा सम्बन्धी ५० पूर्णाङ्क र कम्प्युटर सम्बन्धी ५० पूर्णाङ्कको परीक्षा लिइनेछ ।
(९) परीक्षाको मिति र स्यान : प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन गरेको दिन तोकिने छ ।

....................
राम कुमार कार्की
प्रमुख प्रशासकीय अधिकृत

## आजको राशिफल

मेष(चु, चे, चो, ला, लि, लु, ले, लो, अ) : हातमा आएको प्रतिफल गुम्न सक्छ । अवसर आए पनि समयमा निर्णय लिन नसक्दा पछि परिनेछ । धैर्यले काम लिने समय छ । टाढाको यात्रा व्यवस्थापनमा खर्च बढ्नेछ । केही चुनौतीहरू देखिनेछन् । अप्ठ्यारा परिस्थिति पनि सामना गर्नुपर्ला ।

बृष(ई, ऊ, ए, ओ, वा, वी, वू, वे, वो): खर्च लागे पनि दिगो फाइदा हुने काममा लगानी गर्ने अवसर जुट्न सक्छ । चुनौतीहरू पन्छाउँदै रोकिएका काम बनाउन सकिनेछ । सामान्य आम्दानी भइरहनेछ । व्यवसायमा फाइदै हुनेछ । यात्रामा धनमाल हराउन सक्छ, सचेत रहनुहोला ।

मिथुन(का, की, कु, घ, ङ, छ, के, को, हा) : छर छिमेकमा केही असमझदारी बढ्ने योग देखिए पनि प्रतिस्पर्धाबाट फाइदा उठाउन सकिनेछ । प्रयत्न गर्दा टाढाको यात्रा गर्ने प्रक्रिया अघि बढ्न सक्छ । पतिपत्नीमा अविश्वास बढ्ने योग छ । व्यावसायिक यात्रा सम्भावना छ । आतिथ्यपूर्ण सम्मान पाइएला ।

कर्कट(ही, हु, हे, हो, डा, डी, डु, डे, डो) : विभिन्न अवसर जुटे पनि अरूलाई वचन दिने बानीले दुःख पाइनेछ । सामाजिक उत्तरदायित्व वहन गर्ने समय छ । रोकिएका काम समेत सम्पादन हुनेछन् । परिवारजन तथा बन्धु बान्धवबीच आत्मीय भाव बढ्नेछ । भूमि तथा मातृधनबाट लाभ लिने समय छ ।

सिहं (मा, मी, मु, मे, मो, टा, टी, टु, टे) : नयाँ काम र जिम्मेवारी हात पार्न सफल भइनेछ । धार्मिक तथा परोपकारजन्य क्रियाकलापबाट प्रतिष्ठा पाइनेछ । दिन सामान्य रहला । गरी आएका काम र व्यापार व्यवसायमा राम्रै फाइदा हुनेछ । अधिकार सुरक्षा गर्न जुट्नुपर्नेछ । शोख पूरा गर्नमा केही खर्च बढ्नेछ ।

कन्या (टो, पा, पी, पु, ष, ण, ठ, पे, पो) : समुदायको हक हितको संरक्षण गर्दै धेरैको भलाइ हुने काम गर्न सकिनेछ । लगनशीलताले कीर्तिमानी दिलाउन सक्छ । मौकाको फाइदा लिन सकिनेछ । शत्रु र रोगबाट छुटकारा मिल्नेछ । मुद्दा मामिलामा विजयी भइएला । प्रेमको बन्धन कसिने बेला छ ।

तुला(रा, री, रु, रे, रो, ता, ती, तु, ते) : धेरैले तपाईंका कामको तारिफ गर्नेछन् । कीर्तिमानी काम गर्ने अवसर प्राप्त हुनेछ । प्रतिष्ठा कमाउने बेला छ । बौद्धिक प्रतिस्पर्धामा विजयी भइनेछ । प्रतिष्ठित काम सम्पादन गर्ने मौका छ । सन्तान वा अनुयायीले प्रसन्नता दिलाउनेछन् ।

बृश्चिक (तो, ना, नी, नु, ने, नो, या, यी, यु) : अरूको विश्वासमा पर्दा अन्त्यमा धोका पाइएला । केही अप्ठ्यारा परिस्थितिसँग सम्झौता गर्नुपर्दा मन खिन्न रहनेछ । बाध्यतापूर्ण कामको बोझ थपिन सक्छ । केही विवादमा समेत परिने योग भएकाले व्यवहारमा सचेत रहनुहोला । कृषि चौपायाबाट लाभ मिल्नेछ ।

धनु (ये, यो, भा, भी, भु, ध, फा, ढा, भे) :गोपनीयतामा विशेष ध्यान पुर्याउनुहोला । आश मारेको कामले उत्साह जगाउनेछ । तत्काल लाभ नभए पनि विभिन्न सकारात्मक संकेतहरू प्राप्त हुनेछन् । महत्वाकांक्षी योजना फलीभूत होलान् । काममा माता पिताको सहयोग प्राप्त होला ।

मकर (भो, जा, जी, जु, जे, जो, ख, खी, खु, खे, खो, गा, गी): व्यावसायिक काममा राम्रै फड्को मार्न सकिनेछ । साझेदारी र सट्टापट्टामा विशेष लाभ मिल्नेछ । नयाँ जिम्मेवारी पाइएला । दिन उत्साहपूर्ण रहला । सुखद समाचार सुन्न पाइनेछ । स्वास्थ्य सबल रहनेछ । काममा पनि फाइदाको योग छ ।

कुम्भ (गु, गे, गो, सा, सी, सु, से, सो, दा) : चुनौतीहरूसँग सम्झौता गराउन सक्छ । तापनि, प्रयत्न गर्दा सहयोगीका माध्यमबाट फाइदा उठाउन सकिनेछ । पशुपालन तथा कृषि क्षेत्रबाट राम्रो लाभ मिल्ने योग छ । पढाइ लेखाइमा प्रगति हुनेछ । आफ्नो प्रतिभाको कदर हुनेछ ।

मीन(दी, दु, थ, झ, ञ, दे, दो, चा, ची) : लामो समयदेखि रोकिएको काम बन्नुका साथै आम्दानीको स्रोत समेत बढ्नेछ । पारिवारिक आवश्यकता पूर्ति होला । श्रमको उचित मूल्यांकन हुनेछ । स्वास्थ्य प्रतिकूल रहे पनि हिम्मतले काम लिन सकिनेछ । परिस्थितिले अप्ठ्यारो सिर्जना गर्न सक्छ ।

तपाईँको दिन शुभ रहोस् !

प्रकाशक : सगुन सौगात मिडिया प्रा.लि. मुद्रकः सगुन अफसेट प्रिन्टिङ्ग प्रेस, कार्यालयः क.न.पा. ५, मधुटार, सिन्धुली, फोन नं. ०४७-५२१०१५, ईमेल : ssmedia2068@gmail.com
अध्यक्षः विनोद कुमार रायमाझी (९८४४०४५८६७), सम्पादकःसविर रायमाझी, प्रधान सम्पादकः बुद्ध कुमार अछामी, सह-सम्पादकः- सगुन रायमाझी , कार्यकारी सम्पादकःसौगात रायमाझी, कम्प्यूटर/डिजाईनः- सागर रायमाझी